बैठक संख्याः १४।२०८१
बैठक मितिः २०८१।८।१९ गते, समयः बिहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।८।१९ गते बुधबार बिहान ८:०० बजे पाख्रीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारी | | | | |
| १ | श्री हेमचन्द्र रोईला | लेखा अधिकृत आठौं | | |
| २ | श्री शेखर गौतम | कम्प्युटर अपरेटर | | |



CamScanner

बैठक संख्याः १४।२०८१

बैठक मितिः २०८१।८।१९ गते, समयः बिहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : सडक वोर्ड नेपाल तर्फको वजेटवाट योजना संचालन सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : लघु उद्यम विकास कार्यक्रम संचालन सम्बन्धमा ।

३. प्रस्ताव नं. ३ : सेवा शुल्क निर्धारण सम्बन्धमा ।

४. प्रस्ताव नं. ४ : IEE गर्नको लागि कार्यसूची स्वीकृति सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : नदीजन्य पदार्थको उत्खनन, संकलन कार्यमा सहजिकरण एवं सञ्चय परिमाण (Stock) को प्रमाणीकरण समिति गठन सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : प्राविधिक समिति गठन सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : मर्मत सम्भार तर्फको योजना संशोधन सम्बन्धमा ।

८. प्रस्ताव नं. ८ : आँखा उपचार कार्यक्रम तथा साप्ताहिक क्लिनिक संचालन गर्ने सम्वन्धमा।

९. प्रस्ताव नं. ९ : निशुल्क स्वास्थ शिविर संचालन सम्वन्धमा ।

१०.प्रस्ताव नं. १० : सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्वन्धमा ।

११.प्रस्ताव नं. ११ : हटियामा सटर भाडामा लगाउने सम्वन्धमा ।

१२.प्रस्ताव नं. १२ : आत्माहत्या दुरुत्सान कार्यक्रम संचालन सम्वन्धमा ।

१३.प्रस्ताव नं. १३ : तह वृद्धि सिफारिस समिति गठन सम्वन्धमा ।

१४.प्रस्ताव नं. १४ : नयाँ वसपार्कमा चार्जिङ्ग स्टेशन स्थापना गर्ने सम्वन्धमा ।

१५.प्रस्ताव नं. १५ : औषधी तथा स्यानिटरी प्याड खरीद सम्वन्धमा ।

१६.प्रस्ताव नं. १६ : अख्तियारी संशोधनको सिफारिस सम्वन्धमा ।

१७.प्रस्ताव नं. १७ : क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि तर्जुमा सम्बन्धमा ।

१८.प्रस्ताव नं. १८ : DPR गर्ने सम्बन्धमा ।

बैठक संख्याः १४।२०८१
बैठक मितिः २०८१।८।१९ गते, समयः बिहान ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

निर्णयहरु

निर्णय नं. १

नेपाल सरकार, सडक बोर्ड नेपालको च.नं. ४४० मिति २०८१|६|१३ गतेको पत्रबाट पाखीवास नगरपालिकालाई आ.व. २०८१|०८२ को लागि रु.५१,००,०००|- (एकाउन्न लाख) बजेटको स्वीकृति प्राप्त भएकोले उक्त बजेटबाट निम्न योजनाहरु निर्माण गर्नेको लागि सडक बोर्ड नेपालमा सहमति उपलव्ध गराई दिन अनुरोध गरी पठाउने र निम्न योजनाहरुमा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारी समपुरक कोषबाट व्यहोर्ने, साथै सडक बोर्ड तर्फका योजनाहरु ठेक्का मार्फत निर्माण गर्ने निर्णय गरियो ।

निम्न

| सि. नं. | योजनाको नाम | सडक बोर्ड तर्फको बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | कट्टेलडाँडा मौलो खैरेनी भुल्के सडक मर्मत तथा स्तरोन्नती वडा नं. ४, ३ र ८ | ३०,६०,०००।- | सडक बोर्ड तर्फको बजेटमा नगरपालिकाको लागत साझेदारी बजेट थप हुनेछ । |
| २ | जौटार ढाडे गाउँ सडक मर्मत तथा स्तरोन्नती वडा नं. २ | २०,४०,०००।- | |

साथै, आगामी आ.व. २०८२।०८३ मा सडक बोर्डबाट प्राप्त हुने बजेट वडा नं. १, ५, ६ र ७ को सडकमा लगानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २

पाखीवास नगरपालिकावाट चालु आ.व.२०८१।०८२ मा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ लघु उद्यमी सिर्जना शिर्षकमा विनियोजित वजेट रु.९,२०,०००।– बाट ड्राईभिङ तालिम र उद्दमशिलता तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

पाखीबास नगरपालिका ८ नं. वडा कार्यालयको च.नं. १९८, मिति २०८१।७।२९ गतेको पत्रबाट पाखीबास नगरपालिका वडा नं. ८ मा अवस्थित भुल्के देवी सिमसार पर्यटकीय क्षेत्रमा दैनिक तीर्थालु र आन्तरिक पर्यटकहरुको आवतजावत हुने भएकोले उक्त क्षेत्रमा सरसफाई गरी भौतिक संरचनाहरुको संरक्षण गर्न पर्ने भएकोले सेवा शुल्क लगाउने व्यवस्था मिलाई दिन अनुरोध समेत भई आएकोले उक्त भुल्के देवी मन्दिर तथा सिमसार संरक्षण पर्यटकीय क्षेत्रमा प्रवेश गरी मनोरन्जन लिए वापत सेवा शुल्क लगाउने सम्बन्धमा राजश्व परामर्श समितिमा पठाउने निर्णय गरियो ।

बैठक संख्या: १४।२०८१
बैठक मिति: २०८१।८।१९ गते, समय: बिहान ८:०० बजे
स्थान: पाखीबास नगरपालिकाको कार्यालयको सभाहल

**निर्णय नं. ४**

पाखीवास नगरपालिका क्षेत्रमा पर्ने माङमय खोला दोभान अरुण नदीको किनारवाट आर्थिक वर्ष २०८१।०८२ को लागि नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा उत्खनन्, सङ्कलन तथा बिक्री वितरण गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण गरी प्रतिवेदन तयार गर्नको लागि पाखीवास नगरपालिका र परामर्शदाता Purwanchal Geo Solution Pvt. Ltd., Biratnager-2, Morang बीच सम्झौता भई कार्य प्रारम्भ भएकोले Purwanchal Geo Solution Pvt. Ltd., Biratnager-2, Morang परामर्शदाताको तर्फबाट उक्त कार्यको लागि पेश गरेको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पाखीवास नगरपालिका क्षेत्र भित्रको माङमय खोला दोभान अरुण नदी किनारको खानीजन्य एवं नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा, रोडा, आदिको उत्खनन्, सङ्कलन एवं बिक्री वितरण सम्बन्धी कार्यमा सहजिकरण एवं सञ्चय परिमाण (Stock) को प्रमाणीकरण गर्ने लगायतको कार्य व्यवस्थापनमा सहयोग पुऱ्याउनको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**समिति गठन**

| | |
|---|---|
| १. इन्जिनियर श्री नरेन्द्र लिम्वु | - संयोजक |
| २. वडाध्यक्ष, वडा नं. ५, श्री महेश राई | - सदस्य |
| ३. ईन्जिनियर श्री पर्शुराम श्रेष्ठ | - सदस्य |
| ४. निर्माण व्यसायीको प्रतिनिधि श्री दान बहादुर तामाङ वडा नं.६ | - सदस्य |
| ५. राजस्व शाखा प्रमुख, अधिकृत, श्री अनिस काफ्ले | - सदस्य सचिव |

**निर्णय नं. ६**

संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु अघि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिश गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने र उक्त समितिमा ईन्जिनियर श्री पर्शुराम श्रेष्ठलाई विज्ञको रुपमा आमन्त्रित सदस्य तोक्ने निर्णय गरियो ।

**प्राविधिक समिति गठन**

| | |
|---|---|
| १. योजना शाखा प्रमुख श्री ओम वहादुर आले | – संयोजक |
| २. ईन्जिनियर श्री नरेन्द्र लिम्वु | – सदस्य |
| ३. अधिकृत श्री अनिस काफ्ले | – सदस्य सचिव |

४/८

CamScanner

बैठक संख्याः १४।२०८१
बैठक मितिः २०८१।८।१९ गते, समयः बिहान ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ७**

मिति २०८१ साल कार्तिक ८ गते वसेको मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन समितिको वैठकवाट वजेट वाँडफाँड भएका योजनाहरु मध्ये निम्न योजनाहरुलाई पाखीवास नगरपालिका, ३ नं. वडा कार्यालयको च.नं.४३९ र च.नं.४५२ मिति २०८१।८।४ गतेको पत्रवाट संशोधन गरी दिन अनुरोध भई आएकोले देहाय वमोजिम योजनाको नाम संशोधन एवं चालु आ.व.२०८१।०८२ मा मर्मत सम्भार कोषमा विनियोजित वजेटवाट अपुग वजेट थप गरी सि.नं. १ को योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | योजनाको नाम, ठेगाना | वजेट रु. | संशोधन गरिएको योजनाको नाम, ठेगाना |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन मर्मत, पाखीवास न.पा.-३ | ७५,०००।- | ३ नं. वडा कार्यालय छेउको पहिरो सरसफाई, पाखीवास न.पा.-३ |
| २ | मुगाखोला कोशेपान सिंहदेवी चोक खानेपानी मर्मत सम्भार, पाखीवास न.पा.-३ | २,५०,०००।- | मुगाखोला खानेपानी भवन मर्मत सम्भार तथा कार्यालय व्यवस्थापन, पाखीवास न.पा.-४ |

**निर्णय नं. ८**

नेपाल नेत्रज्योति संघ, डा. रामप्रसाद पोखरेल आँखा अस्पत्ताल, धनकुटाको च.नं.५९ मिति २०८१।८।५ गतेको पत्रवाट नेपाल नेत्रज्योति संघ, डा. रामप्रसाद पोखरेल आँखा अस्पत्ताल, धनकुटा र पाखीवास नगरपालिका वीच संझौता भई विगत वर्ष देखि आँखा उपचार कार्यक्रम तथा साप्ताहिक क्लिनिक संचालन हुँदै आएकोमा उक्त कार्यक्रमलाई निरन्तरताको लागि स्वीकृति दिई समन्वय, सहयोग र व्यवस्थापन गरी दिन अनुरोध भई आएकोले सम्वन्धित सस्थाले आँखा उपचारमा आउने प्रति विरामीवाट रु.५०।-रजिश्ट्रेशन शुल्क लिने गरी पाखीवास नगरपालिकाको आधारभूत अस्पत्तालमा आँखा उपचार कार्यक्रम तथा साप्ताहिक क्लिनिक संचालन गर्ने गरी स्वीकृति प्रदान गर्ने र नगरपालिकाको तर्फवाट आवश्यक समन्वय, सहयोग गरी व्यवस्थापनमा सघाउ पुर्याउने निर्णय गरियो।

**निर्णय नं. ९**

विजयपुर हस्पिटल प्रा.लि., धरानले पाखीवास नगरपालिका, वडा नं. ४ स्थित आधारभूत नगर अस्पत्ताल संचालन रहेको स्थानमा मिति २०८१।८।२९ गते निशुल्क स्वास्थ शिविर संचालन गर्ने भएकोले उक्त हस्पिटलवाट आउनु हुने चिकित्सक एवं स्वास्थकर्मीहरुलाई पाखिवास नगरपालिकाले चिया/पानी, खाजा-खानाको प्रवन्ध गरी आवश्यक औषधी एवं

५/८

उपकरण सहितको समन्वय, सहयोग पाखिवास नगरपालिकावाट उपलव्ध गराउने र नगरवासीहरुमा उक्त निशुल्क स्वस्थ शिविरवाट लाभ लिन सवै वडाहरुले वडावासीहरुमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

पाखीवास नगरपालिकाको पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम खवरपालिका मेडिया नेटवर्क प्रा.लि., धनकुटा-५ संस्थाको सहजिकरणमा मिति २०८१।८।२३ गते, आईतवार, विहान १०:०० वजे पाखीवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको परिसरमा संचालन गरिने भएकोले उक्त कार्यक्रममा नगर कार्यपालिका सदस्यहरु, नगरपालिकाका सम्वन्धित कर्मचारीहरु, पूर्व जनप्रतिनिधिहरु, नगरपालिका स्थित राजनीतिक दलका प्रमुखहरु एवं संघ-संस्थाका प्रतिनिधि एवं सरोकारवालाहरुलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

पाखीवास नगरपालिका, ४ नं. वडा कार्यालय संचालन भएको भवनको भुई तलाको दुई वटा सटर हटियाको दिनमा प्रयोग हुने गरी भाडामा लगाउन माग भई आएकोले उक्त दुई सटरको प्रति सटर मासिक भाडा कर सहित रु.१५००।– कायम गरी दुई वटा सटर भाडामा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

धनकुटा जिल्लाको जिल्ला प्रहरी कार्यालयका प्रमुखवाट धनकुटाका प्रमुख जिल्ला अधिकारीको समुपस्थितिमा पाखीवास नगर कार्यपालिकाका पदाधिकारीहरु, चिकित्सक एवं स्वास्थकर्मीहरु, शाखा प्रमुखहरु, सामुदायिक विद्यालयहरुको प्रध्यानाध्यापकहरु सर्वपक्षिय सहितको सहभागितामा आत्माहत्या दुरुत्सान विषय सम्वन्धी कार्यपत्र प्रस्तुति सहितको कार्यक्रम पाखीवास नगर कार्यपालिकाको कार्यालयको सभाहलमा संचालन हुने भएकोले सम्वन्धित सवैवाट उक्त कार्यक्रममा सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८० को परिच्छेद-५ अन्तर्गत दफा २७ को उपदफा (४) वमोजिम कर्मचारी तह वृद्धिको लागि प्रत्येक स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुने भन्ने व्यवस्था भए वमोजिम पाखीवास नगरपालिका वा अन्तर्गत कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न देहायका कर्मचारीहरुलाई तोकी तह वृद्धि सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।



CamScanner

बैठक संख्याः १४।२०८१

बैठक मितिः २०८१।८।१९ गते, समयः बिहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**तह वृद्धि सिफारिस समिति गठन**

(१) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(२) लेखा अधिकृत, श्री हेमचन्द्र रोईला - सदस्य

(३) सि.अनमी, अधिकृत छैठौं, श्री ईशा राई - सदस्य

साथै, उल्लिखित तह वृद्धि सिफारिस समितिमा सहयोग पुर्याउन अधिकृत सातौं श्री अनिस काफ्लेलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

कोशी प्रदेश सरकार, खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, विराटनगर र पाखीवास नगरपालिका वीच मिति २०८१।६।७ गते खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, विराटनगरले वडा नं.४ स्थित नयाँ वसपार्कमा चार्जिङ्ग स्टेशन स्थापना गर्ने र पाखीवास नगरपालिकाले नेपाल विद्युत प्राधिकरणको सहयोगमा ट्रान्सफरमर उपलव्ध गरी TOD Meter नगरपालिकाको तर्फवाट जडान गराई नगरपालिकाको तर्फवाट लागत व्योहोर्ने गरी चार्जिङ्ग स्टेशन निर्माण सम्वन्धमा भएको समझदारी पत्रको विषय वैठक समक्ष जानकारी भई सो कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

पाखीवास नगरपालिकाको लागि चालु आ.व.२०८१।०८२ मा नेपाल सरकारवाट शसर्त अनुदान तर्फ आधारभूत तथा आकस्मिक स्वास्थ सेवाको लागि औषधी खरीद शिर्षकमा प्राप्त भएको वजेट रु.१५,६१,०००।– र सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि प्राप्त भएको वजेट रु.९,४३,०००।– वाट e-PG को मध्यमवाट शिलवन्धी दरभाउपत्र आव्हान गरी खरीद कारवाही अगाडि वढाईएको विषय वैठक समक्ष जानकारी भयो । उक्त आधारभूत तथा आकस्मिक स्वास्थ सेवाको लागि औषधी खरीद र सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड खरीदको लागि नगर कार्यपालिकाको कार्यलयवाट निर्धारण गरिएको दररेटलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयवाट चालु आ.व.२०८१।०८२ मा शसर्त पुँजिगत अनुदान तर्फ सरस्वती मा.वि. खेल मैदान महालक्ष्मी-४ धनकुटाको नामको रु.५०००००।–(पाँच लाख) वजेटको अख्तियारी पाखीवास नगरपालिकामा प्राप्त भएकोमा महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटाको च.नं.९१२

CS CamScanner

बैठक संख्याः १४।२०८१

बैठक मितिः २०८१।८।१९ गते, समयः बिहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

मिति २०८१।८।६ गतेको पत्रवाट श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरलाई सम्वोधन गरी पाखीवास नगरपालिकालाई उपलव्ध गराईएको वोधार्थ पत्रवाट उल्लिखित योजना कार्यान्वन गर्ने स्थानीय तहको नाम महालक्ष्मी नगरपालिका कायम गरी दिन सम्वन्धित मन्त्रालयमा सिफारिस गरी दिन अनुरोध भई आएकोले सोही वमोजिम उक्त योजना कार्यान्वयन गर्ने स्थानीय तहको नाम महालक्ष्मी नगरपालिका कायम गरी दिन कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, विराटनगरमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. १७

क्याम्पसलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि नगरपालिकाको प्रयोजनको लागि जग्गा खरिद सम्बन्धी कार्यविधि तर्जुमा गर्नको लागि विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १८

पाखीबास नगरपालिका अन्तर्गतको उत्तरपानी लिसिम्बु मझुवा सडक वडा नं. ९ निर्माण गर्न चालु आ.व. २०८१।०८२ मा कार्यक्रम खर्च शीर्षक तर्फबाट रु. २,००,०००।– बजेट छुट्याई DPR गर्ने निर्णय गरियो ।